# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

**खण्ड ६७) काठमाडौं, फागुन ३ गते, २०७४ साल (अतिरिक्ताङ्क ४१(घ)**

# भाग ४

नेपाल सरकार

## राष्ट्रपतिको कार्यालयको

### सूचना १

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले नेपालको संविधानको धारा ७६ को उपधारा (२) बमोजिम प्रतिनिधि सभाका माननीय सदस्य श्री के. पी. शर्मा ओलीलाई नेपालको प्रधानमन्त्री पदमा नियुक्त गर्नु भएकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

प्रधानमन्त्रीको सिफारिसमा देहाय बमोजिमको मन्त्रिपरिषद् गठन गरी कार्यविभाजन समेत गर्नु भएकोले यो सूचना प्रकाशन गरिएको छ :-

| क्र.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री के.पी. शर्मा ओली | प्रधानमन्त्री | अर्थ; आपूर्ति; उद्योग; ऊर्जा; कानून, न्याय तथा संसदीय मामिला; कृषि विकास; खानेपानी तथा सरसफाई; गृह; परराष्ट्र; पशुपक्षी विकास; भूमिसुधार तथा व्यवस्था; भौतिक पूर्वाधार तथा यातायात; युवा तथा खेलकुद; रक्षा; वन तथा भू-संरक्षण; वाणिज्य; विज्ञान तथा प्रविधि; शान्ति तथा पुनर्निर्माण; शिक्षा; श्रम तथा रोजगार; संस्कृति, पर्यटन तथा नागरिक उड्डयन; सङ्घीय मामिला तथा स्थानीय विकास; सहकारी तथा गरिबी निवारण; सहरी विकास; सामान्य प्रशासन; सिँचाइ; |



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

| | | | |
|---|---|---|---|
| | | | सूचना तथा सञ्चार र स्वास्थ्य । |
| २. | श्री लालबाबु पण्डित | मन्त्री | जनसङ्ख्या तथा वातावरण । |
| ३. | श्री थममाया थापा | मन्त्री | महिला, बालबालिका तथा समाजकल्याण । |

## सूचना ३

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीसमक्ष सम्माननीय प्रधानमन्त्री मार्फत महान्यायाधिवक्ता श्री वसन्तराम भण्डारीले नेपालको संविधानको धारा १५७ को उपधारा (४) को खण्ड (क) बमोजिम मिति २०७४/११/३ देखि लागू हुने गरी महान्यायाधिवक्ताको पदबाट लिखित राजीनामा दिनु भएकोले यो सूचना प्रकाशन गरिएको छ ।

**आज्ञाले,**
**भूपेन्द्रप्रसाद पौड्याल**
**सचिव**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।–**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।